# नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली

## सरकारी ऋणपत्रको कारोवार गर्ने बजार निर्मातालाई तोकिएका शर्तहरु:

राष्ट्र ऋण ऐन, २०५९ र राष्ट्र ऋण नियमावली, २०५९ अन्तर्गत निष्काशित श्री ५ को सरकारको ऋणपत्रको खरीद बिक्री गर्न यस बैंकबाट इजाजत प्राप्त गरेका बजार निर्माताले सम्बन्धित ऐन र नियममा तोकिएका शर्तहरुको अतिरिक्त देहायका शर्तहरु पालना गरी कारोवार गर्नू पर्नेछ ।

१. बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको र दैनिक खरीद बिक्री गरेको ऋणपत्रहरुको विवरण कारोवार भएकै दिन संलग्न अनूसुची ६ (क) बमोजिमको

ढाँचामा यस विभागमा फ्याक्स वा अन्य छिटो साधनबाट पठाउनू पर्नेछ । कारोवारको मासिक विवरण अनूसुची ६(ख) बमोजिम महिना समाप्त भएको सात दिन भित्र यस विभागमा पठाउनू पर्नेछ ।

२. बजार निर्माताले खरीद गरेको ऋणपत्र र सो को ब्याज भूक्तानी पूर्जा आफ्नो विशेष खातामा राख्नको लागि खरीद गरेको मितिले ३ दिनभित्र नेपाल राष्ट्र बैंकमा दाखिला गरी सक्नू पर्नेछ । म्यादभित्र दाखिला नगरेमा बजार निर्माताले खरीद गरेको मितिदेखि नै उक्त ऋणपत्रमा पाउने ब्याजदरमा २ प्रतिशतका दरले थप ब्याज हर्जाना स्वरुप यस बैंकलाई बूझाउनू पर्नेछ ।

३. बजार निर्माताले आफ्नो चुक्ता पूँजीको ५ प्रतिशतसम्म सरकारी ऋणपत्रको मौज्दात बजार निर्माण कार्यको लागि आफ्नो स्वामित्वमा राख्न पाउने छन् । सो मौज्दात बाँकी रहेसम्म सम्बन्धित ऋणपत्रको कूनै किस्ताको ब्याज भूक्तानी मिति परेको दिन बाहेक अन्य दिन ग्राहकहरुले माग गरेको बखत तूरुन्त बिक्री गर्न पर्नेछ । चूक्ता पूँजीको ५ प्रतिशत भन्दा बढी मौज्दात स्वामित्वमा रहेमा उक्त बढी भएको रकमको ऋणपत्र यस बैंक वा ग्राहकलाई ३ दिन भित्रमा बिक्री गर्न पर्नेछ तर खरीद गरेको तेश्रो दिनमा नै ब्याज भूक्तानी मिति परेको ऋणपत्र नै बिक्री गर्नू परेको अवस्थामा खरीद मितिको पहिलो वा दोश्रो वा चौथो दिनमा मात्र यस बैंक वा ग्राहकमध्ये कसैलाई बिक्री गर्नू पर्नेछ । यसरी उपरोक्तानूसार तेश्रो वा चौथो दिनभित्र मौज्दातमा बढी देखिने ऋणपत्र बिक्री नगरेमा दफा २ मा उल्लेखित हर्जाना दरमा थप १ प्रतिशत ब्याज हर्जाना लाग्नेछ ।

४. दफा ३ बमोजिमको ऋणपत्र यस बैंकलाई बिक्री गर्दा कार्यालय खूलेको दिनको ११:३० बजेभित्र पत्र दर्ता गरी यस बैंकलाई बिक्री गरी सक्नू पर्नेछ । अन्यथा

११:३० बजेपछि प्राप्त भएको ऋणपत्रको कारोवारको हिसाव भोलिपल्ट मात्र प्राप्त भएको मानी सोही बमोजिम कारवाही गरिने छ ।

५. सरकारी ऋणपत्रहरुको खरीद बिक्री कारोवारको हिसाव कारोवार भएकै दिन हिसाव मिलान गरी सक्नू पर्नेछ ।

६. सरकारी ऋणपत्र खरीद बिक्री कारोवारको हिसाव छूट्टै राख्नू पर्नेछ, अन्य हिसावसँग मिलाएर राख्न पाइने छैन । यसरी राखिएको हिसाव किताव यस विभाग वा यस बैंकको अधिकार प्राप्त निकायले कुनै पनि समयमा निरीक्षण गर्न सक्नेछ । यसरी निरीक्षण गर्दा वा विभागमा रहेको अभिलेखको आधारमा सम्बन्धित बजार निर्माताद्वारा ऋणपत्रको प्राथमिक तथा दोश्रो बजार कारोवार र ऋणपत्र सम्बन्धी अन्य विषयमा त्रूटी भएको फेला परेमा उक्त बजार निर्मातालाई निर्देशन दिने वा सचेत गराउने वा इजाजत पत्र रद्द गर्न समेत सकिनेछ ।

७. बजार निर्माताले यस बैंकको विशेष खातामा आफ्नो स्वामित्वमा रहेको ऋणपत्रको मौज्दात भन्दा बढी हूने गरी ऋणपत्र ग्राहकलाई बिक्री गर्न पाउने छैन ।

८. बजार निर्माण कार्यको लागि बजार निर्मातासँग रहेको ऋणपत्र यस विभागमा खोलिएको बजार निर्माताको विशेष खातामा राखिने छ । दैनिक किनबेचबाट भएको हेरफेरको हिसाव मिलान यसै खाताबाट गरिने छ । कूनै ऋणपत्र धनीले बिक्री गरेको ऋणपत्र यस विभागमा रहेको विशेष खातामा राख्न नपठाई सोझै अन्य ग्राहकलाई बिक्री गर्न पाइने छैन । बजार निमार्ताले आफ्नो विशेष खाताबाट ग्राहकलाई ऋणपत्र बिक्री गर्नू परेमा अनूसुची ४ र अनूसुची ५ बमोजिमको फाराम भरी तथा भर्न लगाई “बचतपत्र खरीद गर्न आउँदा अपनाउनू पर्ने प्रक्रिया” को फाराम भरी खरीदकर्ताको नागरिकताको प्रमाण पत्रको छविचित्र संलग्न गरी यस विभागमा पठाउनू पर्नेछ ।

९. बजार निर्माताले वचतपत्र खरीद गर्नू पर्दा सो ऋणपत्र आफ्नो नाममा दरपीठ गरी अनूसुची २(क) वा अनूसुची २(ख) र अनूसुची ३ बमोजिमको फारामका साथै “बचतपत्र बेच्न आउँदा अपनाउनू पर्ने प्रक्रिया” को फाराम भरी यस विभागमा पठाउन पर्नेछ । अनूसुची २(ख) बमोजिम खरीद भएको ऋणपत्र भए विक्रेताको नागरिकताको प्रमाणपत्रको छविचित्र समेत पेश गर्नू पर्नेछ ।

१०. यस विभागबाट प्राथमिक निष्कासनको समयमा संस्थाहरुले मात्र खरीद गर्न सक्ने गरी निष्कासन भएका तथा संस्थाको नाममा प्रमाणपत्र बनेका श्री ५ को सरकारको ऋणपत्र मात्र बजार निर्माताले खरीद गरी आफ्नो नाममा नामसारी गर्न पाउने छन् । यसरी खरीद गरेको जानकारी यस विभागलाई दिनू पर्ने छ । यस विभागले व्यक्तिका लागि मात्र निष्कासन गरेका ऋणपत्र र व्यक्तिको नाममा प्रमाणपत्र बनेका ऋणपत्र

बजार निर्माताले आफ्नो स्वामित्वमा रहने गरी खरीद गर्न र आफ्नो नाममा नामसारी गर्न पाउने छैन । निश्चित क्षेत्र, समुह तथा उप समुह बीच मात्र खरीद बिक्री हूने गरी निष्कासन भएका ऋणपत्रहरु बजार निर्माताले खरीद मात्र गर्न सक्नेछन् । यस्ता ऋणपत्रहरु बिक्रीको लागि यस विभागबाट इजाजत लिनू पर्नेछ ।

११. संस्थाबाट खरीद गरी आफ्नो विशेष खातामा जम्मा गरेको रकम अन्य संस्थालाई बिक्री गर्नु पर्दाको अवस्थामा सो रकम कून संस्थावाट कून ऋणपत्र कून मितिमा खरीद गरेको हो सोको स्पष्ट विवरण भरी नियमानूसार यस विभागमा पठाउनू पर्नेछ । सो विवरण नियमानूसार रहेको खण्डमा मात्र यस विभागबाट संस्थाको नाममा प्रमाणपत्र उपलव्ध गराइने छ ।

१२. ऋणपत्रको कुनै किस्ताको ब्याज भूक्तानी मिति परेको दिन बाहेक बिक्री गर्न ल्याएको जूनसूकै ऋणपत्र बजार निर्माताले तूरुन्त खरीद गर्नू पर्नेछ । बजार निर्माताले आफ्नो स्वामित्वमा भएको सरकारी ऋणपत्रको विस्तृत विवरण (ऋणपत्रको किसिम, ब्याज प्रतिशत भूक्तानी मिति आर्जित ब्याजमा ब्याजकर लाग्ने वा नलाग्ने आदि) सबैले देख्ने गरी आफ्नो कार्यालयको सुचना पाटीमा टाँस गर्नू पर्नेछ ।

१३. बूँदा नं. ३ बमोजिम बजार निर्माताको स्वामित्वमा भएको ऋणपत्रमध्ये ऋणपत्रको ब्याज भूक्तानी मिति परेकै दिन सोही ऋणपत्रको लागि ग्राहकबाट खरीद माग भएको अवस्थामा बाहेक अन्य अवस्थामा जुनसुकै ऋणपत्र तूरुन्त बिक्री गर्नु पर्नेछ । माग भइरहेको ऋणपत्रहरु बिक्री नगरी आफ्नो स्वामित्वमा राखी राख्न पाइने छैन । त्यस्तो कार्य गरेको जानकारी प्राप्त भएमा यस विभागले बजार निर्माताको इजाजत प्रमाणपत्र रद्द गर्न समेत यस विभागले सक्नेछ ।

१४. ऋणपत्रको खरीद बिक्री गर्दा बजार निर्माताले लिने कमिशनको यसै शर्तको अनूसुची १ मा उल्लेख गरिएको छ । ग्राहकसँगको आपसी समझदारीको आधारमा बजार निर्माताले अनूसुची १ मा तोकिएको भन्दा कम दरमा कारोवार गर्न सक्नेछन् तर तोकिएको दरभन्दा बढी दरमा कमिशन लिन पाउने छैनन् ।

१५. नेपाल राष्ट्र बैंकले कारोवार गर्न दिएको अख्तियारीको म्याद भन्दा अगावै बजार निर्माताले ऋणपत्रको कारोवार वन्द गर्न चाहेमा १५ दिन अगावै नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागलाई जानकारी दिई पुर्व स्वीकृति लिनू पर्नेछ र कारोवार बन्द गर्नू अगावै आफूसँग भएको सम्पुर्ण ऋणपत्र नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागलाई हस्तान्तरण गर्नू पर्नेछ ।

१६. ऋणपत्र खरीद बिक्री गर्ने सम्बन्धमा ग्राहक र बजार निर्माताको बीचमा कूनै विवाद उठेमा सो विवाद उपर नेपाल राष्ट्र बैंकबाट गरिएको निर्णय दूवै पक्षले बाध्यात्मक रुपमा पालना गर्नू पर्नेछ ।

१७. बजार निर्माताहरुले खरीद गरेको विभिन्न ऋणपत्रहरु यस विभागमा रहेको आफ्नो विशेष खातामा जम्मा गर्न पठाउँदा सो ऋणपत्रहरुको साँवा बराबर हूने रकम सर्वप्रथम जम्मा गरिने छ । त्यसरी जम्मा भइ सकेपछि मात्र बजार निर्माताले आफ्नो विशेष खातामा रहेको रकमवाट पटक पटक अन्य ऋणपत्र खरीदकर्तालाई सोहि खाता खर्च हूने गरी बिक्री गर्न सक्नेछ । यसरी बिक्री गरी आफ्नो विशेष खातामा मौज्दात वाँकी भएको ऋणपत्रको ब्याज पाक्ने समय भएको भए किस्ता खूलाई सोको ब्याज यस विभागसँग माग गर्नू पर्नेछ ।

१८. बजार निर्माताहरुले आफ्नो विशेष खातामा चूक्ता पुँजीको ५ प्रतिशत भन्दा वढी रकम जम्मा भएमा यस विभागलाई खरीद गर्न अनूरोध गर्नू पर्नेछ । विभागले यसरी विशेष खातावाट खरीद गरेको ऋणपत्रको साँवा तथा ब्याज रकम (ब्याजमा नियमानूसार कर कट्टि गर्नू पर्ने भए कट्टा गरी) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय वा उपत्यका बाहिर स्थित कार्यालयमा रहेको बजार निर्माताको खातामा जम्मा गरी सोको जानकारी सम्वन्धित बजार निर्मातालाई दिइने छ । साथै बजार निर्माताले आफ्नो विशेष खातामा चूक्ता पूँजीको ५ प्रतिशत भन्दा कम रकमको ऋणपत्र मौज्दात भएको अवस्थामा पनि यस विभागलाई ऋणपत्र खरीद गरिदिन अनूरोध गर्न सक्ने छन् । यस्तो अनूरोध आएमा विभागले ऋणपत्र खरीद गरिदिनेछ ।

१९. बजार निर्माताहरुले कूनै पनि ऋणपत्र खरीद गर्दा ऋणपत्रको धनीलाई पाकेको पूरै ब्याज लिन लगाएर मात्र खरीद गर्नू पर्नेछ ।

२०. बजार निर्माताले ऋणपत्रमा भएको धनीको दस्तखत भिडाई सो दस्तखत यकिन भएपछि मात्र खरीद गर्नू पर्नेछ । कूनै पनि पहिलो नाममा निष्कासित (खूला दस्तखत भएको बाहेक) ऋणपत्रहरु बजार निर्माताले खरीद गर्नू परेमा सो ऋणपत्रको पृष्ठ भागमा यस विभागवाट धनीको दस्तखत प्रमाणित गर्नू पर्ने स्थानमा प्रमाणित भएको ऋणपत्र मात्र खरीद गर्नू पर्नेछ । त्यस्तो प्रमाणित नभएको ऋणपत्र खरीद गरी त्यसबाट कूनै किसिमको विवाद उत्पन्न भएमा त्यस सम्बन्धी सम्पुर्ण जिम्मेवारी बजार निर्माताको हूनेछ ।

२१. बजार निर्माताको इजाजत प्राप्त गरेका संस्थाले त्यस्तो इजाजत पत्र आगामी आर्थिक वर्षको लागि नविकरण गर्नू परेमा चालू आर्थिक वर्ष समाप्त हूने मितिले ३५ दिन अगावै रू.१००।०० (रु.एक सय मात्र) नवीकरण दस्तूर वापत नाफा नोक्सान आम्दानी (फूटकर) हिसाबमा जम्मा गरेको सक्कल भौचर र विभागले तोकेका अन्य कागजात सहित यस विभागमा निवेदन दिनू पर्नेछ । उक्त समयावधि भित्र नवीकरणको लागि निवेदन नगर्ने बजार निर्माताहरुले थप सात दिन सम्मका लागि रु.१,०००।०० (रु.एक हजार मात्र) थप दस्तूर बूझाई निवेदन दिन सक्नेछन् । यसरी थप म्याद भित्र समेत नविकरणको लागि निवेदन प्राप्त नभएमा बजार निर्माताको इजाजत स्वत रद्द भएको

मानिनेछ । रीतपूर्वक निवेदन प्राप्त भएता पनि बजार निर्माताको इजाजत प्राप्त संस्थाले चालू आर्थिक वर्षमा बजार निर्माण कार्य सन्तोषजनक रुपमा गरेको नपाइएमा त्यस्ता बजार निर्माताहरुलाई आगामी आर्थिक वर्षको लागि बजार निर्माताको इजाजत नदिन पनि सकिनेछ । यसरी बजार निर्माताको इजाजत रद्द भएका र नवीकरण नगरिएका संस्थाको यस विभागमा भएको विशेष खातामा सरकारी ऋणपत्रहरुको मौज्दात बाँकी भएमा बैंकले खरीद गरी सो वापतको हूने साँवा तथा ब्याज वापतको रकम फिर्ता दिनेछ । नयाँ संस्थालाई बजार निर्माताको इजाजत पत्र दिने सम्बन्धमा यस विभागबाट प्रकाशित सुचना बमोजिम हूनेछ ।

२२. प्राथमिक निष्कासनमा व्यक्तिहरुबाट संकलन भएको रकम सोही दिन अनिवार्य रुपमा नेपाल राष्ट्र बैंकमा जम्मा गर्नू पर्नेछ साथै सोही दिन दरखास्त फाराम र भौचर वा रकम जम्मा गरेको विवरण सहितको जानकारी यस विभागमा अनिवार्य रुपमा पठाउनू पर्नेछ । ऋणपत्र खरीद गर्ने फाराम तथा भौचरको तोकिएको महलमा बजार निर्माताको छाप र आधिकारीक दस्तखत अनिवार्य रुपमा भएको हूनू पर्नेछ ।

२३. बजार निर्माताले आफूलाई पायक पर्ने स्थानमा रहेको नेपाल राष्ट्र बैंकमा अनिवार्य रुपमा खाता खोल्नू पर्नेछ । साथै ऋणपत्रको कारोवार गर्दा संस्थाको तर्फवाट कारोवार सञ्चालन गर्न अधिकार प्राप्त कम्तीमा दूईजना कर्मचारीको हस्ताक्षर नमुना कार्ड भरी यस विभागमा पठाउनू पर्नेछ । यदि यस्ता कर्मचारीहरु परिवर्तन भएमा नयाँ दस्तखत नमुना कार्ड भरी सोको जानकारी तूरुन्तै यस विभागलाई दिनू पर्नेछ । नयाँ हस्ताक्षर नमुना कार्ड प्राप्त भए पछि पुर्व नमुना कार्ड स्वत: रद्द भएको मानिनेछ ।

२४. बजार निर्माताले पालना गर्नू पर्ने शर्तहरु नेपाल राष्ट्र बैंकले समय समयमा थपघट गर्न सक्नेछ । यसरी थपघट गरिएका शर्तहरु बजार निर्माताले अनिवार्य रुपमा पालना गर्नू पर्नेछ । राष्ट्र ऋण ऐन, २०५९, राष्ट्र ऋण नियमावली, २०५९ र बजार निर्माताहरुले पालना गर्नू पर्ने यी शर्तहरुको उलङ्घन गरेको पाइएमा नेपाल राष्ट्र बैंकले जूनसूकै समयमा पनि बजार निर्माताको इजाजत पत्र रद्द गर्न सक्नेछ ।

# बचतपत्र बेच्न आउँदा अपनाउनू पर्ने प्रक्रिया

१. बचतपत्र बेच्न आउने व्यक्ति सोको सही धनी हो भन्ने यकीन गरी मात्र बचतपत्र खरीद गर्नू पर्नेछ । बचतपत्रको धनी यस प्रकार यकीन गर्न सकिन्छ: बचतपत्रको धनीको दस्तखत वा दरपीठ गरी बिक्री भैसकेको भए नयाँ बचतकर्ताको दस्तखतको साथै पछाडीको भागमा यस बैंकबाट दस्तखत प्रमाणित भएको र नागरिकताको प्रमाणपत्र वा अन्य परिचयको श्रोतमा भएको निजको दस्तखतसँग अनूसुची २(क) वा २(ख) को दस्तखत भिडाई धनी यकीन गर्नू पर्दछ । कूनै व्यक्तिको बारेमा कूनै प्रकारको शंका भएमा सो सम्बन्धमा कारण देखाई नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागमा सम्पर्क राख्न पठाउनू पर्दछ ।

२. बेच्ने व्यक्तिबाट अनूसुची २(क) वा २(ख) र अनूसुची ३ बमोजिम दरखास्त र कबूलियतनामाको रितपुर्वकको २ प्रति दरखास्त तथा सक्कल बचतपत्र सोको व्याज भूक्तानी पुर्जा तथा नागरिकताको छविचित्र/प्रतिलिपि लिनू पर्नेछ ।

३. बेच्न आउने अघिल्लो दिनसम्मको व्याज तथा निजबाट अनूसुची १ बमोजिमको कमिशन दस्तूरको गणना निम्नानूसार गर्नू पर्दछ ।

(१) बचतपत्रको अंकित जम्मा रकम रु.

................ थान दर रु.................... ले रु......................
................ थान दर रु.................... ले रु...................... रु......................

(२) व्याज भूक्तानी पाउनू पर्ने मिति र बेच्ने दिनभन्दा
अघिल्लो दिनसम्मको मितिको गणना गर्दा बेच्ने व्यक्तिले
पाउनू पर्ने व्याज ...... % ले साँवा रु...................मा
दिन ...... को
(महिनाको ३० दिन र वर्षको ३६० दिनको हिसावले हूने रकम) रु.....................

(क) पाउने जम्मा रु.....................

कट्टी गर्नू पर्ने
(३) नेपाल राष्ट्र बैकलाई बूझाउनू पर्ने नामसारी दस्तूर (रु.१।- को टिकट बापत) रु........................
(४) लिनू पर्ने कमिशन रु. ............... मा ......... % ले रु........................
(५) अग्रिम आयकर (......................... प्रतिशतका दरले)
(बेच्ने दिनको अघिल्लो दिनसम्म पाउने व्याज बापतको रकमबाट) रु........................
*कट्टा गरिएको आयकर आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नू पर्नेछ*

(ख) जम्मा कट्टि रकम रु.......................
कूल भूक्तानी दिनू पर्ने (क) - (ख) रु.......................

(अक्षरेपी रुपैयाँ ................................................................ )

४. उपरोक्तानूसार गणनाको आधारमा निजलाई नगद वा चेकवाट भूक्तानी दिनू पर्दछ ।

५. उपरोक्त प्रक्रियाबाट खरीद भएको बचतपत्र र सोको व्याज भूक्तानी पुर्जा नेपाल राष्ट्र बैंकमा आफ्नो विशेष खातामा राख्न अनूसुची २(क) वा २(ख) को दरखास्त साथ पठाउनू पर्दछ ।

| तयार पार्ने | चेक गर्ने | अधिकृत |
|---|---|---|

# बचतपत्र खरीद गर्न आउँदा अपनाउनू पर्ने प्रक्रिया

१. बचतपत्र खरीद गर्न आउने व्यक्तिबाट अनूसुची ४ र ५ को ढाँचा बमोजिमको दरखास्त फाराम भराई नागरिकताको प्रमाणपत्रको छविचित्र/प्रतिलिपि लिने ।

२. लिनू पर्ने रकम गणना गर्ने तरीका:-

(क) बचतपत्रको अंकित रकम रु.

................ थान दर रु.................... ले रु......................
................ थान दर रु.................... ले रु...................... रु........................

(ख) खरीद गरेको अघिल्लो दिन सम्मको दिन ...... को व्याज
(महिनाको ३० दिन र वर्षको ३६० दिनको हिसावले) रु........................

(ग) कमिशन रु. .................. मा ........... % ले रु........................

कूल जम्मा रु........................

३. आयकर रकम (व्याजदरको ..................... प्रतिशतका दरले) जम्मा रु........................

जम्मा लिनू पर्ने (२ – ३) रु........................

(अक्षरेपी रुपैयाँ .............................................................. )

४. नामसारी प्रक्रिया:- उपरोक्त बिक्री गरिएको बचतपत्र निजको नाममा नामसारीको लागि अनूसुची ५ को निवेदनसाथ नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभाग, सिंहमहल, थापाथलीमा पठाउनू पर्नेछ तथा सो प्राप्त भई आएपछि बचतकर्तालाई बूझाउनू पर्नेछ ।

# अनूसुची - १

<u>बजार निर्माताले दोस्रो बजार कारोवार गरे बापत ग्राहकसँग लिन पाउने कमिशन दर</u>

| रकम | कमिशन |
|---|---|
| रु.१,००,०००।- | ०.५० % |
| रु.१,००,१००।- देखि रु.५,००,०००।- सम्म | ०.४० % |
| रु.५,००,१००।- देखि रु.१०,००,०००।- सम्म | ०.३० % |
| रु.१०,००,१००।- देखि रु.५०,००,०००।- सम्म | ०.२० % |
| रु.५०,००,१००।- देखि माथि | ०.१० % |

# अनूसुची - २(क)

मिति: ..........................

(ग्राहकले अंकित मुल्यको बिक्री गरेमा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

बिषय: नामसारी गरी दिने बारे ।

महाशय,

मेरो/हाम्रो स्वामित्वमा रहेको रु............................ को श्री ५ को सरकारद्वारा निष्काशित क्रमसंख्या ................. देखि ....................... सम्मको ................. प्रतिशत विकास ऋणपत्र/रा.ब.प./ना.ब.प. स्टक/प्रमिशरी नोट थान ....... र त्यसमा मिति ............................ सम्म दिन .......... को पाकेको व्याज समेत मैले/हामीले ............................................कम्पनी लिमिटेडलाई बिक्री गरी दिएकोले उक्त विकास ऋणपत्र रा.ब.प./ना.ब.प. स्टक/प्रमिशरी नोटहरु मिति .................. देखि उक्त कम्पनीको नाममा नामसारी गरी दिनू हून अनूरोध गर्दछु ।

भवदीय,

नागरिकता नं. ...........
जिल्ला .....................

दस्तखत:
नाम (देवनागरि):
नाम (अंग्रेजी CAP.)
ठेगाना:
संस्था भएमा संस्थाको छाप:

.......................................................................................................................................

प.सं.
च.नं.
श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

महाशय,

आवेदकले उक्त उल्लेख गरे बमोजिमको उपरोक्त स्टक/प्रमिशरी नोट यस कम्पनीले खरीद गरेकोले यस कम्पनीको त्यस बैक स्थित विशेष खातामा राखी दिनू हून उक्त ऋणपत्र/स्टक/प्रमिशरी नोट र सोको व्याज भूक्तानी पुर्जा क्रमसंख्या ............. देखि ................ सम्म थान ........ यसैसाथ संलग्न गरी पठाएको छ । साथै सोको नामसारी दस्तूर संलग्न छ ।

नत्थी: १) ऋणपत्र थान ..............
२) ऐ. को व्याज भूक्तानी पुर्जा थान ........
३) नामसारी दस्तूर रु.१।- को टिकट

नाम:
दस्तखत:

मिति:

कम्पनीको छाप:

# अनूसुची - २(ख)

मिति: ……………………

(ग्राहकले खण्डित रुपमा बिक्री गरेमा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

बिषय: नामसारी गरी दिने बारे ।

महाशय,

मेरो/हाम्रो स्वामित्वमा रहेको श्री ५ को सरकारद्वारा निष्काशित ऋमसंख्या ……………… देखि ………………… सम्मको ……………. प्रतिशत विकास ऋणपत्र/रा.ब.प./ना.ब.प. स्टक/प्रमिशरी नोट थान …… को रु………………।- मध्ये रु. ……………….।- र त्यसमा मिति …………………… सम्म दिन ………. को पोकेको व्याज समेत मैले/हामीले ………………………………. कम्पनी लिमिटेडलाई बिक्री गरी दिएकोले उक्त विकास ऋणपत्र रा.ब.प./ना.ब.प. स्टक/प्रमिशरी नोटहरु मिति …………….. देखि उक्त कम्पनीको नाममा नामसारी गरी दिनू हून अनूरोध गर्दछू । साथै बाँकी रु. ………………………. को नयाँ बचतपत्र मेरो/हाम्रो नाममा बनाई पठाई दिनू हून समेत अनूरोध गर्दछू ।

भवदीय,

नागरिकता नं. ………..
जिल्ला …………………

दस्तखत:
नाम (देवनागरि):
नाम (अंग्रेजी CAP.)
ठेगाना:
संस्था भएमा संस्थाको छाप:

…………………………………………………………………………………………………………………

प.सं.
च.नं.
श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

महाशय,

आवेदकले उक्त उल्लेख गरे बमोजिमको उपरोक्त स्टक/प्रमिशरी नोट यस कम्पनीले खरीद गरेकोले यस कम्पनीको त्यस बैक स्थित विशेष खातामा राखी दिनू हून उक्त ऋणपत्र/स्टक/प्रमिशरी नोट र सोको व्याज भूक्तानी पुर्जा ऋमसंख्या ………… देखि ……………. सम्म थान …….. यसैसाथ संलगन गरी पठाएको छ । साथै सोको नामसारी दस्तूर संलग्न छ । साथै आवेदकले माथी निवेदन गरे बमोजिमको बाँकी रु. ……………..।- रकमको नयाँ बचतपत्र निजको नाममा बनाई पठाई दिनू हून अनूरोध गर्दछू ।

नत्थी:
१) ऋणपत्र थान ………..
२) ऐ. को व्याज भूक्तानी पुर्जा थान ……..
३) नामसारी दस्तूर रु.१।- को टिकट
४) आवेदकको नागरिकताको प्रतिलिपि

मिति:

नाम:
दस्तखत:
कम्पनीको छाप:

# अनूसुची – ३

मिति: ............................

## बचतपत्र स्टक/प्रमिशरी नोट बिक्री सम्बन्धी कबूलियतनामा

लिखितम.........................................................................................................................आगे ...............................................बस्ने म ........................................................................................ ...................................................को मेरो नाममा रहेको एकलौटी हक भोग रु. ................ ( अक्षरेपी रुपैयाँ ............................................................................................. मात्र) को श्री ५ को सरकारको ................... प्रतिशत बिकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र स्टक/प्रमिशरी नोट................ क्रमसंख्या ................ को साँवा र हिजोको मितिसम्म पाकेको व्याज सहित बुझिलिई त्यस .............. कम्पनी लिमिटेडको नाममा आजकै मिति देखि हक भोग छाडी बिक्री गरी दिएको छु । उक्त बचतपत्र नामसारी गराई भोग चलन गर्नू होला । कथम्कदाचित उक्त बचतपत्र नामसारी हून नसके वा पछि कूनै व्यहोराले कच्चा ठहरेमा त्यस वापतको रकम मेरा घर घरानावाट असूल उपर गरी लिनू होला भनी मेरो मन्जूरीले यो कबूलियतनामा गरी दिएको छु ।

ईति सम्वत् २०    साल ...................... महिना .................. गते रोज ................ शूभम् ।

बिक्री गर्ने:

नाम:

दस्तखत:

ठेगाना:

नागरिकता नं.

जिल्ला

संस्था भएमा संस्थाको छाप:

# अनूसुची – ४

मिति: ............................

(कम्पनीको नाम)
( ठेगाना )

विषय: बचतपत्र खरीद सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा निवेदन छ कि ................................. अंचल ........................ जिल्ला ........................... गा.वि.स./न.पा./का.म.न.पा. वडा नं. ................ बस्ने वर्ष ............ को ...................................... को नाती/नातिनी .................................... को छोरा/छोरी म/हामी ..................................................... ले त्यस वित्त कम्पनी मार्फत बिक्री वितरण हूने २० ..... को व्याजदर ......................... को श्री ५ को सरकारवाट निष्काशित बिकास ऋणपत्र/राष्ट्रिय बचतपत्र/नागरिक बचतपत्र खरीद गर्न ईच्छा भएकोले खरीद गर्न पाउन स्विकृतीको लागि यो निवेदन पेश गरेको छू/छौं । उपरोक्त बमोजिम ऋणपत्र दिलाईए पाउन अनूरोध छ । साथै यसै निवेदनका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि/छविचित्र पेश गरेको छू/गरेका छौं ।

निवेदकको दस्तखत:

नाम:

ठेगाना:

टेलिफोन:

नागरिकता नं.

जिल्ला:

संस्था भएमा संस्थाको छाप:

# अनूसुची - ५

मिति: ..........................

(बजार निर्माताले बिक्री गर्दा प्रयोग गर्ने)

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

विषय: <u>रा.ब.प./ना.ब.प. २० खरीद गर्ने बारे</u> ।

महाशय,

........................ कम्पनी लिमिटेडको स्वामित्वमा रहेको रु............... को .......... प्रतिशत रा.ब.प. २०....... हिजोका मितिसम्म पाकेको व्याज समेत मैले/हामीले खरीद गरेको हूँदा उक्त बचतपत्र निम्नानूसार मेरो/हाम्रो नाममा नामसारी निष्काशन गरी दिनू हून अनूरोध गर्दछु ।

| बचतपत्रको किसिम | दर | थान | रकम |
|---|---|---|---|

भवदीय:

दस्तखत:
नाम (देवनागरि):
नाम (अंग्रेजी CAP.):
ठेगाना:
संस्थाभएमा संस्थाको छाप:

नागरिकता नं. ...............
जिल्ला ...................
टेलिफोन नं. .................

.....................................................................................................................................

प.सं.
च.नं.
श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

महाशय,

उपरोक्त अनूसार रु. ..................... (अक्षरेपी रुपैयाँ ............................................................... ..............................) को विकास ऋणपत्र/रा.ब.प./ना.ब.प. ................................ यस वित्त कम्पनीले मिति ....................... मा .................... वस्ने श्री ...................................... लाई त्यस बैंक स्थित यस वित्त कम्पनीको विशेष खाताको मौज्दातबाट बिक्री गरेको हूँदा उक्त मितिदेखि उपरोक्त रकमको बचतपत्र निजको नाममा नामसारी निष्काशन गरी पठाई दिनू हून अनूरोध गर्दछौं । साथै नामसारी दस्तूर रु.१।- को टिकट टाँसी यसैसाथ संलग्न गरी पठाएको व्यहोरा समेत अनूरोध छ ।

नत्थी: १) नागरिकताको प्रतिलिपि/छविचित्र थान
२) नामसारी दस्तूर रु.१।- को टिकट

नाम:
दस्तखत:
(यस बैंकमा रहेको नमुना अनूसार दस्तखत हूनू पर्ने)

नाम:
दस्तखत:

मिति:

कम्पनी छाप:

# अनूसुची - ६(क)

.........................

..................

पत्रसंख्या: मिति: २० / /

श्री नेपाल राष्ट्र बैंक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली
काठमाडौं ।

महाशय,

आज मिति ........................ का दिन ............................................. ले खरीद/बिक्री गरिएको बचतपत्रहरुको कारोवारको विवरण तथा ................................. को स्वामित्वमा रहेको मौज्दात विवरण निम्न बमोजिम भएको व्यहोरा अनूरोध गर्दछू ।

| सि.नं. | बचतपत्रको नाम | अघिल्लो मौज्दात (रु.) | खरीद (रु.) | बिक्री (रु.) | आजको बाँकी मौज्दात (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

भवदीय,

तयार पार्ने चेक गर्ने अधिकृत

*नोटः संस्थाको नाममा रहेको ऋणपत्र खरीद भएको भए शर्त नं. ११ बमोजिमको विवरण उल्लेख गर्नू पर्नेछ ।*

# अनूसुची - ६(ख)

.........................

..................

पत्रसंख्या: मिति: २० / /

श्री नेपाल राष्ट्र बैक
राष्ट्र ऋण व्यवस्थापन विभाग
सिंहमहल, थापाथली,
काठमाडौं ।

महाशय,

यस .............................................. ले कारोवार गरेको २० साल .......... मसान्तको बचतपत्रहरुको मौज्दात विवरण देहाय बमोजिम भएको व्यहोरा अनूरोध गर्दछ ।

| सि.नं. | बचतपत्रको नाम | व्याज दर | गत महिनाको मौज्दात (रु.) | खरीद (रु.) | बिक्री (रु.) | यस महिनाको मसान्तको मौज्दात (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | | | | | | |

भवदीय,

तयार पार्ने     चेक गर्ने     अधिकृत